# रास्कोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## आरसीपी ,कालीकोट कर्णाली प्रदेश , नेपाल

**एकद्वार बाट राहत उपलब्ध गराउने सम्वन्धी रास्कोट नगरपालिकाको सार्वजनिक अपिल**

यो शताब्दीकै अत्यन्तै भयानक महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को सम्भावित संक्रमणबाट नगरबासीलाई जोगाउन रास्कोट नगरपालिकाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारी तथा स्वयंसेवकहरु ज्यानै जोखिममा पारेर अहोरात्र खटिइरहेका र नगरपालिकाले सम्पूर्ण साधन श्रोत परिचालन गरी संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वय गर्दै कोरोना भाईरस रोकथाम र नियन्त्रणमा आफ्ना गतिविधिहरु बढाएको व्यहोरा जानकारी गराइन्छ ।

यस संकटको सामना गर्न नगरपालिकाले विभिन्न समिति, उपसमितिहरु बनाई एकीकृत ढंगबाट गतिविधि बढाइरहेको छ । कतिपय संघ, संस्था वा व्यक्तिहरुले यस नगरपालिकाको क्षेत्र भित्र नगरपालिकाको अनुमती बेगर राहत तथा सुरक्षा सामाग्री वितरण गरेको भन्ने गुनासो प्राप्त भएको छ । यसरी आ-आफ्नो ढंगबाट राहत वितरण गर्दा राहत वितरणमा दोहोरोपना आउने, राहत पाउनुपर्ने व्यक्तिले राहत नपाउने अवस्था आइ राहत लक्षित वर्गसम्म नपुग्ने भएको हुँदा नगर भित्र वितरण हुने सम्पूर्ण नगद वा अन्य सामाग्री वितरण एकद्वारबाट गर्ने व्यवस्था मिलाइएको हुँदा कुनै पनि संघ, संस्था वा व्यक्तिले आँफूखुसी यस्तो कार्य नगर्न नगराउन सबैमा जानकारी गराइन्छ नगरपालिकालाई नगद सयहोग गर्न इच्छुक संघ, संस्था वा व्यक्तिहरुलाई यस नगरपालिकाको ग्लोबल आइएमई बैंक रास्कोट शाखामा रहेको **विपद व्यवस्थापन कोषको खाता नं. E204010000007** मा रकम दाखिला गरी सो को भौचर नगरपालिकाको ईमेल ठेगाना ito.raskotmun@gmail.com वा raskotnagarpalika@gmail.com मा उपलब्ध गराइदिनुहुन साथै अन्य सामाग्री सहयोग गर्नुपर्नेमा सो को विवरण उल्लेख गरिएको इमेल ठेगानामा पठाउन र सहायता सामाग्री नगरपालिकाको कार्यालयमा बुझाइदिनुहुन जानकारी गराइन्छ । नगद तथा अन्य सामाग्री प्राप्त भए पछि नगरपालिकाले आफ्नो संयन्त्र मार्फत लक्षित वर्ग सम्म पूर्‍याई सो को सम्पूर्ण विवरण सार्वजनिक गरिने समेत जानकारी गराइन्छ ।

विपदको यस घडिको सबै मिलेर संकटको सामना गर्न सम्पूर्ण राजनीतिक दल, बुद्धिजिवी, पेशाकर्मी लगायत सबैमा सार्वजनिक अपिल गरिन्छ ।

मिति : २०७६/१२/२५

काशीचन्द्र वराल
प्रमुख

काशीचन्द्र बराल
प्रमुख